**Press Release**

SOS Children's Villages Nepal
Madhyapur Municipality, Bhaktapur, Nepal
Post Box: 757, Kathmandu, Nepal
Tel: +977 1 6630391
info@sosnepal.org.np
www.sosnepal.org.np

शनिबार, १४ भदौ २०८२

# डा. रिता सिंह हमालको नेतृत्वमा एसओएस बालग्राम नेपालको नयाँ १३ सदस्यीय प्रबन्ध समिति

भक्तपुरको सानोठिमीमा सम्पन्न एसओएस बालग्राम नेपालको ३३ औं साधारण सभाले डा. रिता सिंह हमालको नेतृत्वमा १३ सदस्यीय प्रबन्ध समिति चयन गरेको छ । निर्वाचन समितिले उपाध्यक्षमा श्री विद्यानाथ भुर्तेल, कोषाध्यक्षमा श्री करण वैद्य तथा सदस्यमा श्री प्रतिभा पाण्डे, श्री सानु भाइ खड्का र श्री शशी सत्याललाई निर्वाचित गरेको छ ।

प्रबन्ध समितिमा आमन्त्रित सदस्यको रूपमा बालग्राम निर्देशक प्रतिनिधि, आमा प्रतिनिधि, एसओएस बालग्राम अन्तर्राष्ट्रियको प्रतिनिधि, तथा एसओएस हर्मन माइनर विद्यालयको प्रधानाध्यापक प्रतिनिधि रहने व्यवस्था रहेको छ । यसका साथै, एसओएस बालग्राम नेपालको राष्ट्रिय निर्देशक प्रबन्ध समितिको महासचिव रहने व्यवस्था छ ।

यस साधारण सभाले वार्षिक प्रतिवेदन २०२४ र लेखा परीक्षण प्रतिवेदन २०२४ सर्वसम्मतिले पारित गरेको छ । साधारण सभाले बालबालिकाको सर्वोत्तम हित, संरक्षण र वैकल्पिक हेरचाहका सबै प्रयासलाई निरन्तरता दिने तथा समुदायमा आधारित कार्यक्रमलाई थप सुदृढ गर्ने प्रतिबद्धता जनाएको छ ।

यस साधारण सभामा आमन्त्रित प्रतिनिधिको रूपमा बालबालिका र युवाहरूको सक्रिय सहभागिता रहेको थियो, जसअन्तर्गत उनीहरूले आफ्ना विचार तथा सुझाव राख्ने अवसर पाएका थिए। संस्थाले *Nothing for us without us* भन्ने सिद्धान्तका आधारमा उनीहरूको आवाजलाई प्राथमिकता दिँदै सुशासनमा सहभागी गराउँदै आएको छ ।

निवर्तमान अध्यक्ष डा. ज्योतिरत्न धाख्वाको सफल नेतृत्वका लागि धन्यवाद ज्ञापन गर्दै र उहाँ एसओएस बालग्राम महासङ्घ अन्तर्राष्ट्रियको कार्यसमितिमा निर्वाचित हुनुभएकोमा बधाई व्यक्त गर्दै उक्त साधारण सभा सम्पन्न भएको हो ।

## एसओएस बालग्राम नेपाल:

एसओएस बालग्राम नेपाल, एसओएस बालग्राम महासंघको एक स्वायत्त सदस्य संस्था हो, जसले संस्था दर्ता ऐन, २०३४ अनुसार गैरनाफामूलक सामाजिक संस्थाका रूपमा स्थापना भई बालअधिकार संरक्षण र प्रवर्द्धनमा निरन्तर कार्य गर्दै आएको छ। यसको केन्द्रीय कार्यालय भक्तपुरको सानोठिमीमा अवस्थित छ। संस्थाले अभिभावक गुमाएका वा हेरचाह गुमाउने जोखिममा परेका बालबालिकाको सर्वोत्तम हित सुनिश्चित गर्न वैकल्पिक हेरचाह, परिवार सबलीकरण, शिक्षा, समुदायमा आधारित संरक्षण तथा आपतकालीन सहायतासम्बन्धी कार्यक्रमहरू देशभरका सातै प्रदेशमा सञ्चालन गर्दै आएको छ।

**Media Contact: Elisha Shrestha, Communication Manager**
**Mobile Number: +977 986-9220262 ; Email address: Elisha.Shrestha@sosnepal.org.np**